
बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल



पत्र संख्या: २०८३/०८४
चलानी नं: ६०७

मिति २०८३/०७/११

विषयः-एकीकृत घुम्ती शिविर सञ्चालन हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सर्वसाधारण नागरिकहरूलाई घरदैलोमै सहज, सरल र प्रभावकारी रूपमा एकीकृत सेवाहरू उपलब्ध गराउने उद्देश्यले मिति २०८३/०७/१७ गतेका दिन बेनीघाट रोराङ गाउँपालिका वडा नं १० को कार्यालयमा "एकीकृत घुम्ती शिविर" कार्यक्रम सञ्चालन हुन गइरहेकोले पायक पर्ने सेवाग्राहीले उक्त स्थानमा उपस्थित भई सेवा लिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

शिविरमा उपलब्ध हुने सेवाहरूः

१. ज्येष्ठ नागरिक परिचयपत्र वितरण ।
२. निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा औषधि वितरण।
३. योजना सम्झौताको लागि आवश्यक परामर्श ।
४. कृषि तथा पशु स्वास्थ्य सम्बन्धी व्यवसायिक परामर्श र औषधि वितरण।
५. उद्योग तथा व्यवसाय दर्ता एवं नवीकरण।
६. अन्य परामर्श सेवा।

रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner